मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३१९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर २७ गते शनिबार ❑ 13 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## बुढीगण्डकी आयोजना निर्माण अघि बढाउन पहल भइरहेको छः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
गोरखा, २६ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बुढीगण्डकी जलविद्युत् आयोजना निर्माण प्रक्रिया अघि बढाउन पहल भइरहेको बताउनुभएको छ।

गोरखाको भीमसेन थापा गाउँपालिका-८ महादेवटारस्थित श्री जागेश्वर माध्यामिक विद्यालयको शुक्रबार आयोजित स्वर्ण जयन्ती उद्घाटन कार्यक्रममा उहाँले विविध कारण यसअघि निर्माण रोकिएको आयोजनाको काम तत्काल अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

मुख्यमन्त्री पाण्डेले गोरखा र धादिङको सिमानामा बन्ने उक्त आयोजनाले जलविद्युत् क्षेत्रको विकासमात्र नभई प्रभावित क्षेत्रका जनताको आयआर्जनमा सहयोग पुऱ्याउने भएकाले यसको निरन्तरता आवश्यक रहेको बताउनुभयो । उहाँले सङ्घ सरकारलाई आयोजना शीघ्र सम्पन्न गर्न दबाब दिने उद्देश्यले गोरखा र धादिङमा पर्ने बुढीगण्डकी करिडोर क्षेत्रमा गण्डकी र बाग्मती प्रदेश सरकारको संयुक्त बैठकको तयारी भइरहेको जानकारी दिनुभयो। "अब आयोजना क्षेत्रका स्थानीय सरकारका प्रतिनिधिलाई पनि राखेर दुवै प्रदेश सरकारको बैठक करिडोर क्षेत्रमा गर्ने गरी छलफल भइरहेको छ, आयोजना निर्माण जसरी भए पनि छिटो सम्पन्न गर्नुपर्छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो । आयोजना निर्माणको अन्योलता हटाउन पटकपटक पहल गर्दै आएको बताउँदै उहाँले त्यसलाई मूर्तरुप दिन नसकिएको स्पष्ट पार्नुभयो । मुख्यमन्त्री पाण्डेले सकारात्मक सोचले मात्र समृद्ध नेपाल निर्माण गर्न सकिने भन्दै देशमा केही पनि भएन भन्ने भाष्य सृजना गरेरमात्र देश नबन्ने उल्लेख गर्नुभयो। "अहिले सबैले ठगेर खाइरहेका छन्, सबैले लुटेर खाइरहेका छन्, सबैले भ्रष्टाचार गरेर खाइरहेका छन् भनेर भाष्य निर्माण गर्ने कोसिस भइरहेको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "अहिले वास्ताविकता बुझ्ने प्रयास कसैले गरेका छैनन्, नकारात्मक सोच र भावनाले मात्र देश बन्दैन।" सबैको सामूहिक प्रयासले समृद्ध नेपाल निर्माण गर्न सकिने उहाँको भनाइ छ।

## सुरक्षा निकायका प्रमुखहरुको साझा भनाई-'सुरक्षा हामी सबैको जिम्मेवारी

**पोखरापत्र संवाददाता**
गण्डकी, २६ मंसिर

रेवान पोखराको आयोजनामा आगामी पुष १३ देखि हुन लागेको २७ औं पोखरा सडक महोत्सवमा सुरक्षा व्यवस्थापन चुस्त पार्न आयोजकले कास्कीस्थित विभिन्न सुरक्षा निकायका प्रमुखहरुसंग अर्न्तक्रियात्मक छलफल कार्यक्रम गरेको छ।

अर्न्तक्रियाका सहभागिहरुले पोखरा सडक महोत्सवको गरिमा पोखरासंग जोडिएकाले यसलाई सफल पार्न सम्पूर्ण पक्ष लाग्नुपर्नेमा जोड दिनुभयो।

महोत्सवका विभिन्न पक्षहरुमध्य सुरक्षा महत्वपूर्ण पाटो भएको बताउँदै महोत्सवका सुरक्षाको जिम्मेवारी आफुहरुले सक्दो रुपमा बहन गर्ने उहाँहरुले प्रतिवद्धजा जनाउनुभयो । अर्न्तक्रियामा बोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले २७ औं संस्करण सम्म आइपुग्दा महोत्सवमा देखिएको सुरक्षा चुनौतीबारे जिज्ञासा राख्नुभयो। महोत्सवमा विगतको सुरक्षा व्यवस्थापन राम्रै देखिएको उल्लेख गर्दै यसपटकपनि यसको व्यवस्थापनमा प्रशासनको तर्फबाट सहयोग गरिने बताउनुभयो । तर विगतको भन्दा यसपटकको परिस्थिती केहि फरक भएको बताउँदै उहाँले सुरक्षा व्यवस्थापन चुस्त राख्न कुनै कसर बाँकि नराखिने जनाउनुभयो । अर्न्तक्रियामा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराल, शिव लम्साल, नेपाली सेना कृष्ण दल गण फुलबारी व्यारेकका प्रमुख सेनानी राजेन्द्र पुडासैनी, सशस्त्र प्रहरी बल कालीका गणका सशस्त्र प्रहरी उपरिक्षक सुर्यप्रसाद तिमिल्सीना राष्ट्रिय अनुसन्धान विभाग कास्कीका उप अनुसन्धान निर्देशक मोहन बहादुर कुँवर, वडा प्रहरी कार्यालय बैदामका प्रहरी नायव उपरिक्षक नमराज भट्टराई लगायतले महोत्सवमा सुरक्षा प्रदान गर्दै महोत्सव सफल पार्न सहयोग गर्ने प्रतिवद्धता जनाउनुभएको थियो।

यसअघि सडक महोत्सव सुरक्षा समिति संयोजक नरेश भट्टराईले महोत्सव व्यवस्थित पार्न आयोजकको अवलम्बन गरिने रणनीतिका बारेमा प्रकास पार्नुभयो। लाखौं अवलोकनकर्ता आउने सडक महोत्सवमा सुरक्षा चुनौती निकै महत्वपूर्ण भएको उहाँले प्रष्ट्याउनुभयो । ट्राफिक व्यवस्थापनबारे जानकारी दिँदै यसका लागि महोत्सव अवधिभर लेकसाइडका बाहिरी तथा भित्री सडकको प्रयोगबारे जानकारी दिनुभयो । जिल्ला प्रहरी कार्यालय कास्कीका एसपी नविन कार्कीले महोत्सव सुरक्षामा आफु यसअघि पनि खटेको अनुभव सुनाउँदै फायर फाइटिङ, ट्राफिक व्यवस्थापन तथा भिडभाडमा हुन सक्ने चोरीका घटनामा चनाखो हुनुपर्नेमा जोड दिनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणी राज लामिछानेले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा महोत्सवकोप्रचारप्रसारमासहयोग गर्ने जनाउनुभयो। रेवान पोखराका पुर्वाध्यक्ष गोपीबहादुर भट्टराईले सरकारी स्तरबाट पनि महोत्सवको अनुगमन गर्दै गलत गर्नेलाई कारवाहीको दायरामा ल्याउन आग्रह गर्नुभयो । शितल सेक्युरिटी प्रालिका लोकेन्द्र अर्यालले निजी क्षेत्रबाट विगतमा भएका सुरक्षा व्यवस्थापनका उपायबारे अवगत गराउँदै सुरक्षा निकायसंगको सहकार्यमा सुरक्षा रणनीति तय गरिने स्पष्ट पार्नुभयो । रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले महोत्सवमा कुनैपनि अप्रिय घटना घटन नदिनसबै खाले सुरक्षा निकायसंग समन्वय गरिने बताउनुभयो। बैठकमा महत्वपूर्ण विषयहरु उठेको बताउँदै उक्त विषयहरुलाई गंभिरतापुर्वक लिएर महोत्सवमा लागू गर्ने पौडेलको भनाई थियो । कार्यक्रममा रेवान पोखराका प्रथम उपाध्यक्ष तथा महोत्सव संयोजक बसन्त गौतमले स्वागत मन्तव्य राख्दै महोत्सवका आकर्षणबारे जानकारी दिनुभएको थियो। महासचिव बीरेन्द्र शेरचनले सञ्चालन गर्नुभएको कार्यक्रममा महोत्सवका सह-संयोजक सुनिल भट्टराई, सुमन भट्टराई लगायतले अर्न्तक्रियामा उठेका जिज्ञासाबारे प्रष्ट पार्नुभएको थियो।

## एमाले सचिवालय बैठक : विधान महाधिवेशनमा पारित विधानका आधारमै नयाँ नेतृत्व चयन गरिने

**रासस**
काठमाडौं, २६ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशनमा गत भदौमा सम्पन्न दोस्रो विधान महाधिवेशनबाट पारित विधानका आधारमा नै नयाँ नेतृत्व चयन हुने भएको छ।

सचिवालय बैठकले दोस्रो विधान महाधिवेशनको सर्वोच्चतालाई स्वीकार गर्दै यो राष्ट्रिय महाधिवेशनमा १५ सदस्यीय पदाधिकारी र दुई सय ५१ सदस्यीय केन्द्रीय कमिटी नै रहनेगरी आजको बैठकले निर्णय गरेको सो पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो । उहाँका अनुसार महाधिवेशनको बन्दसत्रमा विगतको भन्दा फरक अभ्यासका रूपमा हालको सिङ्गो सचिवालय (१९ जना) नै अध्यक्षमण्डलका रूपमा रहनेछन् । बैठकले निर्वाचित र पदेन प्रतिनिधिहरू (दुई हजार १५४) को पाँच प्रतिशत हुन आउने १०८ सदस्य प्रतिनिधि मनोनयन पनि गरेको छ। उक्त नामावली मङ्सिर २७ गते सार्वजनिक हुनेछ।

बैठकले महाधिवेशनबाट पारित गर्नुपर्ने विशेष प्रस्तावका लागि उपमहासचिव ज्ञवालीको संयोजकत्व र माइन्युटटिङका लागि उपमहासचिव पृथ्वीसुब्बा गुरुङको संयोजकत्वमा कमिटी गठन गरेको छ। सचिवालयले बैठकले हालै नेपाल सरकार र जेनजीका प्रतिनिधिबिच भएको १० बुँदे सम्झौताप्रति गम्भीर आपत्ति जनाउँदै सरकारको कार्यादेश र संविधानविपरीत भएको निष्कर्ष निकालेको उपमहासचिव ज्ञवालीले बताउनुभयो।

## फागुन २१ को चुनावले देशलाई लयमा ल्याउँछ : नेतृ भुसाल

**पोखरापत्र संवाददाता**
दमौली, २६ मंसिर

नेपाली कम्युनिष्ट पार्टीका नेतृ एवं पूर्वमन्त्री पम्फा भुसालले फागुन २१ गतेको चुनावले देशलाई लयमा ल्याउने विश्वास व्यक्त गर्नुभएको छ।

नेपाली कम्युनिष्ट पार्टीले आज दमौलीमा आयोजना गरेको एकता सन्देश सभालाई सम्बोधन गर्नुहुँदै नेतृ भुसालले देशमा सृजना भएको विषम परिस्थिति प्रतिनिधिसभाको चुनावपछि समाधान हुँदै जाने उल्लेख गर्नुभयो । नेतृ भुसालले नेपाली कम्युनिष्ट पार्टी आगामी चुनावमा भाग लिने बताउँदै चुनावको वातावरण सरकारले तयार गर्नुपर्ने बताउनुभयो। निष्पक्ष र स्वतन्त्र निर्वाचन गराउनु सरकारको दायित्व भएको बताउँदै उहाँले त्यसका लागि सबै राजनीतिक दलले सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेतृ भुसालले भन्नुभयो, "जेनजी आन्दोलनपश्चात देश नै राज्यविहीन अवस्थामा पुगिसकेको थियो, फागुन २१ गतेको चुनाव सम्पन्न गराएर देशलाई लयमा ल्याउनुपर्ने अवस्था छ। संविधान रक्षा गर्दै चुनावले देशलाई लयमा ल्याउँछ ।" नेपाली जनताको रगत र पसिनाबाट निर्माण भएको संविधान रक्षा गर्नु सबैको कर्तव्य भएको बताउँदै नेतृ भुसालले जनतामा देखिएको नैराश्यता सम्बोधन गर्नुपर्ने अहिलेको मुख्य आवश्यकता रहेको बताउनुभयो । कार्यक्रममा सो पार्टीका नेता श्रीनाथ बरालले देशलाई स्थिरताको बाटोमा लैजानुपर्ने बताउँदै त्यसैका लागि कम्युनिष्ट पार्टीबीच एकता भएको उल्लेख गर्नुभयो। सुशासन कायम गर्दै रोजगारी सृजना गर्नुपर्नेमा जोड दिँदै उहाँले सबै कम्युनिष्ट पार्टीबीच एकताको आवश्यक रहेको चर्चा गर्नुभयो। पार्टीका नेता हरिबहादुर चुमानले एकताको सन्देश पालिका र वडास्तरसम्म पुऱ्याउनुपर्ने बताउनुभयो।

## पोखरा महानगरपालिकाले आफ्नो ६७ औं स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाउने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ मंसिर




पोखरा महानगरपालिकाले आफ्नो ६७ औं स्थापना दिवस विभिन्न कार्यक्रम सहित मनाउने भएको छ।

शुक्रबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा पोखराका मेयर धनराज आचार्यले पोखरा महानगरपालिकाको ६७ औं स्थापना दिवसको अवसरमा एक सातासम्म विविध कार्यक्रम सञ्चालन गरी मनाउने भएको बताउनु भएको छ । स्थापना दिवसको अवसरमा पोखराका विभिन्न क्षेत्रबाट महत्वपूर्ण योगदान गरेका व्यक्तित्वलाई 'पोखरेली नवरत्न' सम्मान प्रदान गरिनेछ । यस वर्ष भाषा-साहित्य, कला-संगीत, शिक्षा, स्वास्थ्य, कृषि-उद्यम, सामाजिक सेवा, पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण, विज्ञान तथा नवप्रवर्तन लगायत क्षेत्रबाट चयन भएका नौ जनालाई ताम्रपत्र, दोसल्ला, पदकसहित जनही २ लाख २ हजार २०२ रुपैयाँ राशि सहित सम्मान गरिने मेयर आचार्यले बताउनुभयो । त्यसैगरी महानगरमा कार्यरत ११ जना उत्कृष्ट कर्मचारी, एसइई तथा कक्षा ८ मा ४ जिपिए अंक प्राप्त गरेका विद्यार्थी, विषयगत रूपमा उत्कृष्ट उपलब्धि हासिल गर्ने ६० जना शिक्षक तथा उत्कृष्ट नतिजा ल्याउने विद्यालयहरूलाई पनि सम्मान गरिनेछ । ३३ वटा वडामध्ये सरसफाइमा उत्कृष्ट तीन वडालाई, महानगर मातहतका कार्यालयमध्ये सफाइमा उत्कृष्ट एक कार्यालयलाई र समयमै सबैभन्दा धेरै कर तिर्ने उत्कृष्ट करदातालाई पनि पदक र सम्मानपत्र प्रदान गरिनेछ । स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम, कृषि स्विच कार्यक्रम, सरसफाइ अभियान, सारङ्गी पार्क निर्माणका लागि शिलान्यास, मानवअधिकार चोकदेखि सभागृहसम्म सांस्कृतिक झाँकी सहित प्रभातफेरी, ज्येष्ठ नागरिक सम्मान तथा मानव सेवा आश्रममा न्यानो कपडा वितरण जस्ता सामाजिक तथा सांस्कृतिक गतिविधि सञ्चालन गरिने जनाएको छ । मूल समारोह आगामी पुष २ गते पोखरा सभागृहमा आयोजना हुने महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मुक्तिराम अर्यालले बताउनुभयो। वि.सं. २०१६ मा स्थापना भएको पोखरा नगरपालिका क्रमिक विकासका चरण पार गर्दै २०७५ साउन २३ गते पोखरा महानगरपालिका नामाकरण भएको हो। करिब ४६४ वर्ग किमी क्षेत्रफलमा फैलिएको पोखरा भौगोलिक हिसाबले मुलुककै सबैभन्दा ठूलो महानगरपालिका मानिन्छ । ४० भन्दा बढी जातजातिको बसोबास, मौलिक संस्कृति, ताल-तलैया, धार्मिक स्थल तथा हिमश्रृंखलाको नजिकबाट अवलोकन गर्न सकिने विशेषताले पोखरा पर्यटन राजधानीको रूपमा परिचित छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मौरी तथा मह मेलामा मह किन्नेको भिड

**पोखरापत्र संवाददाता**
पोखरा, २६ मंसिर

पोखरामा धैरै मौरी पालन गर्ने कृर्षक सम्मानबाट यस बर्ष पोखरा ३३ का गोविन्द चापागाई नगद सहित सम्मान गरिएको छ।

पोखरा १६ बाटुलेचौरमा शुक्रबार आयोजना भएको मौरी तथा मह मेला-२०८२ को अवसरमा आयोजना भएको उक्त अवसरमा एग्रो फर्मका संचालक चापागाईलाई नगद सहित सम्मान गरिएको हो। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, पोखरा १६ का वडा अध्यक्ष अमृत शर्मा तिम्सिना, पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले २ सय घार मौरी पालन गर्नु भएका चापागाई नगद १० हजार सम्मान पत्र सहित दोसल्ला ओढाएर सम्मान गर्नु भएको हो । त्यसै गरी प्रतियोगितामा पोखरा ३१ का बेगनास मौरी उद्योगका संचालक सुर्य प्रसाद लामिछानेलाई सम्मान गरिएको छ भने पोखरा २३ का एड्रिन मौरी फर्मका संचालक टंक प्रसाद पराजुलीलाई सम्मान गरिएको




हो । प्रतियोगितामा दोश्रो हुनेलाई ७ हजार र तेश्रो हुनेलाई भने ५ हजार प्रदान गरिएको छ ।

त्यसै गरी मह काड्ने प्रतियोगितामा पोखरा ३१ का सुर्य प्रसाद लामिछाने प्रथम हुनु भएको छ । पोखरा २३ का पन्चासे मौरी फर्मका संचालक जीवनाथ लामिछाने दोश्रो र पोखरा २० का वडा स्तरिय कृसषि संजालका हरि प्रसाद पौडेल तेश्रो हुनु भयो। विजेता, उपविजेता र तेश्रो हुनेलाई पुरस्कार स्वरुप क्रमशः ३, २ र १ लिटर मह पुरस्कार प्रदान गरिएको थियो । त्यसै गरी वक्तृत्वकला प्रतियोगितामा बेगनास मौरी उद्योगका संचालक सुर्य प्रसाद लामिछाने प्रथम हुनु भएको छ। त्यसै गरी पन्चासे पौरीपालन फर्मका जीवनाथ लामिछाने दोश्रो र पोखरा १६ का वडा स्तरिय कृषि संजालका लक्ष्मी देवकोटा तेश्रो हुनु भयो । विपजेतालाई ५ हजार, दोश्रो हुनेलाई ३ हजार र तेश्रो हुनेलाई २ हजार प्राप्त गर्नुभयो।

पोखरामा वार्षिक ९० टन मह उत्पादन हुने गरेकोले अब यहाँ अझ व्यवसायीक मौरी पालन गर्न प्रोत्साहन गर्न उक्त मेला आयोजना गरिएको पोखराका मेयर आचार्यले बताउनु भयो । यहाँको महको माग अत्यधिक रहेको बताउदै उहाँले गुणस्तरिय र निकै स्वादिष्ट हुने दाबी गर्नुभयो । "पोखरा र आसपासका क्षेत्रमा मुख्यतः सेराना मह उत्पादन हुन्छ भने तराई तथा अन्य क्षेत्रबाट मेलिफेरा मह पोखरामा भित्रिने गरेको छ," उहाँले जनाउनु भयो । पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा, पोखरा वडा नम्बर १६ र वडास्तरीय कृषि सञ्जाल-१६ को संयुक्त आयोजनामा उक्त मेला अपेक्षा गरे भन्दा बढी सफल भएको कडरियाले बताउनु भयो। मौरीपालन व्यवसायलाई प्रवर्द्धन तथा स्थानीय महको प्रचार-प्रसार गर्ने उद्देश्य सहित पोखरा-१६ स्थित महेन्द्रगुफा परिसरमा उक्त मेला गरिएको उहाँले जनाउनु भयो । पोखरा महानगरले मौरीपालनलाई प्रोत्साहन गर्न महको समर्थन मूल्य समेत तोकेको छ।

स्थानीय मह किसानले प्रतिकिलो १ हजार देखि १ हजार ५ सय रुपैयाँमा बिक्री गर्दै आएका छन्। माग उच्च भएकाले अहिले समर्थन मूल्य (८२५ रुपैयाँ प्रतिकिलो) दिने अवस्था नरहेको महाशाखा प्रमुख कडरियाले बताउनु भयो। मेलामा पोखराका वडाहरुका मौरीपालक किसान सहभागी हुनु भएको वडा स्तरीय कृषि सञ्जाल-१६ का अध्यक्ष जितबहादुर बस्नेतले बताउनु भयो। महानगरले वडा नं. १६ लाई मौरी पकेट क्षेत्रका रूपमा घोषणा गरिसकेको छ।

# मुस्ताङमा हिउँ चितुवाको आक्रमणबाट १९ भेडा मरे

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २६ मंसिर

यहाँको घरपझोङ-२ मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्र नजिकै गए राति हिउँ चितुवाको आक्रमणमा परी १६ भेडा र तीन च्याङ्ग्रा मरेका छन् ।

स्थानीयवासी सन्तोष परियारको भेडाच्याङ्ग्रा खोरमा हिउँ चितुवा पसेर भेडाच्याङ्ग्रा मारेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्याप जोमसोमले जानकारी दिएको छ।

किसान परियारको मार्फास्थित गाउँभित्रको भेडाच्याङ्ग्रा खोरमा ४५ भेडाच्याङ्ग्रा रहेका थिए । तीमध्ये चितुवाको आक्रमणबाट १९ भेडाच्याङ्ग्रा मृत्यु भएको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्तले जानकारी दिनुभयो । यसबाट करिब रु छ लाख बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।



उहाँले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना जोमसोमका प्रतिनिधि र जिल्ला प्रहरी कार्यालयको टोली घटना स्थल जाँदै गरेको बताउनुभयो । पछिल्लो समय मानव र हिउँ चितुवाबीचको द्वन्द्व बढ्दै जान थालेको छ । हिउँदयाममा चरन क्षेत्रमा घाँसको अभाव हुने र हिउँ चितुवाको आहारा प्रजातिहरू चरन क्षेत्र खोज्दै बस्ती नजिक आउने गर्छन। हिउँ चितुवा पनि आहारा पछ्याउँदै बस्ती नजिक आएर स्थानीय पशुपालकहरूको पशुधनमा क्षति पुऱ्याउने गरेको पाइएको छ । पछिल्लो समय जलवायु परिवर्तनका कारण मानव र हिउँ चितुवा बिचको सहअस्तित्व निर्माण गर्न चुनौती देखिएको छ । यसैका कारण जिल्लाका कतिपय किसानहरू पशुपालन व्यवसाय छोड्न थालिसकेका छन् ।

# प्रभावकारी बन्दै ट्राईको गडयौली मल

**पोखरापत्र संवाददाता**
पोखरा, २६ मंसिर

ट्राईको गडयौली मलको उत्पादन सगैँ प्रयोगले प्रभावकारीता पाउदै गएको छ।

बिहिवार ली-बर्ड परियोजना अन्तरगत रहेको नेपालमा प्राकृतिक स्रोतको उपायोगिता मार्फत विकास र उत्थानशिलता प्रबर्द्धन (प्रेरणा) कार्यक्रमले गरेको अनुगमनले उक्त मल प्रभावकारी भएको निर्कष निकालेको हो । संस्थाले पोखरा १८ मा रहेको ठोटने खोला सामुदायिक वन उपभोक्ता समुह र कास्कीको माछापुच्छ्रे गाउँपालिका ४ लाहाचोकमा रहेको माछापुच्छ्रे ट्राईको गडयौली मल उत्पादन केन्द्रमा अवलोकन गरेको ली-बर्डका बरिष्ट कार्यक्रम अधिकृत अनुपम उप्रेतीले बताए।



अनुगमनमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशका महानिर्देशक बासु देव काफ्ले, सोहि मन्त्रालयका प्रदेशका सचिव बासु देव रेग्मी, ली-बर्डका कार्यकारी सचिव बेनी बहादुर बस्नेत,ली-बर्डका बजार सुपरिवेक्षक टुक प्रसाद शर्मा,बरिष्ट कार्यक्रम अधिकृत ईन्द्र प्रसाद पौडेल कृषि बिकास कार्यलयका कास्की प्रमुख, प्रदेश कृषि प्रयोगशाला प्रमुख, शाखा प्रमुख, बागवानी प्रयोगशाला मालेपाटन प्रमुख र कृषि बैज्ञानिक, पोखरा माहानगरपालिकका कृषि माहाशाखाका प्रतिनिधि, र लगाएतको सहभागिता रहेको थियो।

ठोटने खोला सामुदायिक वन उपभोक्ता समुहका मल उत्पादक किसान प्रशान्त श्रेष्ठले मल उत्पादनले गर्दा बनमा हुने आगालागी जोखिम कम र अनावश्यक झाडि पनि फडानि हुनुका साथै मल उत्पादन गदै आइरहेको बताए। उनले उक्त मल प्रभावकारी रहेको र किसान मल किन्नको लागि घर सम्म आउने गरेको सुनाए । त्यस्तै माछापुच्छ्रे गाउँपालिका ४ लाहाचोकका कृषक लक्ष्मी पौडेलले ढकालले ट्राईको गडयौली मल उत्पादन र प्रयोग पश्चात खेती उत्पादनमा उल्लेख्य बृद्धि भएको उल्लेख गरे। (प्रेरणा)परियोजना अन्तरगत बिगत १ बर्ष देखि कास्कीका २ पालिकामा प्रेरणा परियोजना सञ्चालनमा रहेको छ। कार्यक्रममा आार्थिक सहयोग वेयर फाउनडेसन र कार्यनवयन संस्थाहरु आई डी ई नेपाल र ली बर्ड रहेको छन् । प्रेरणा परियोजनाले प्राङगारिक मल ट्राईको गडयौली मल उत्पादन र प्रबर्द्धन गर्न सहयोग पुगेको र रसायनिक बिषदी मलको प्रयोग घटाउनुका साथै साना किसानको बाली उत्पादनमा र आयआर्जनमा बृद्धि भएको ली बर्डका मार्केटिङ्ग सुपरभाईजर टुक प्रसाद शर्माले बताए।

# पोखरामा पौष ९ देखि सोह्रौँ राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २६ मंसिर

पोखरामा आगामी पौष ९ गतेदेखि सोह्रौँ राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप विद्यालय खेलकुद प्रतियोगिता हुने भएको छ। पोखरा महानगर खेलकुद विकास समितिको आयोजनामा पौष ११ गतेसम्म चल्ने प्रतियोगिताको तयारी सुरु भएको छ।

पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपक बहादुर गोदारका अनुसार प्रतियोगितामा उसु, कराँते, तेक्वान्दो, भलिबल, कबड्डी र एथलेटिक्स गरि ६ वटा विधामा प्रतिष्पर्धा हुनेछ । खेलकुदलाई व्यवसायिक बनाउन नगद



पुरस्कारसहित यो प्रतियोगिता आयोजना गरिएको उनले बताए। यसवर्षको प्रतियोगितामा निजी तथा सामुदायिक विद्यालय गरेर १ सय ४० भन्दा बढि विद्यालयको सहभागिता रहने जनाईएको छ । जति धैरै विद्यालय सहभागी हुन्छ त्यति नै राम्रा खेलाडी उत्पादनमा सहयोग पुग्ने भएकाले बढिभन्दा बढि विद्यालय सहभागी गराउने आयोजकको तयारी छ। ग्रासरुट देखि नै खेलकुद विकास गर्न र खेलाडी उत्पादन गर्नका लागि प्रतियोगिताले सहयोग पुऱ्याउने अध्यक्ष गोदारको विश्वास छ । प्रतियोगितामा खेल सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रशिक्षक समेत तोकिएको छ। जसअनुसार भलिबलका लागि रामबहादुर लामिछाने, कबड्डीका लागि सागर भण्डारी, एथ्लेटिक्सका लागि गोप बहादुर अधिकारी, उसुका लागि दिलिप लामा, तेक्वान्दोका लागि निरज बहादुर नेपाली, कराँतेको लागि धन लामा प्रशिक्षकका रुपमा छन् । प्रतियोगिताको सन्दर्भमा शुक्रबार व्यवस्थापन तथा निर्देशन समितिसँग पोखरा महानगर खेलकुद विकास समितिले छलफल गरेको छ। छलफलका सहभागिले प्रतियोगितालाई प्रभावकारी बनाउनका लागि मिहिन ढङ्गले तयारी गर्नुपर्ने सुझाएका छन् । प्रतियोगितामा ग्रासरुट लेभलका खेलाडीका सहभागिता रहने भएको कारणले गर्दा उनीहरूलाई अनुशासनदेखि नियम लगायतका विषयमा समेत जानकारी दिएर निखारता थप्नुपर्नेमा जोड दिए । कार्यक्रममा कमजोरी हुन नदिनको लागि व्यवस्थापनमा ध्यान दिनुपर्ने र फर्जी विद्यार्थी समावेश गरिएको भेटिएमा कारवाही समेत गर्नुपर्ने सुझाब दिएका थिए । प्रतियोगितामा सामुदायिक विद्यालयको सहभागिता बढाउन समेत पहल गरिने अध्यक्ष गोदारको भनाइ छ।


## कर्मचारी आवश्यकता

सूचाना प्रकाशित मितिः २०८२ मंसिर २७ गते शनिवार

यस **आँगन बहुउद्धेश्यीय सहकारी संस्था लि.** को लागि तपशिलमा उल्लेखित **कर्मचारी आवश्यकता** भएको हुँदा रित पुगेको नेपाली नागरिकहरूलाई सूचाना प्रकाशन भएको मितिले १५ दिन भित्रमा कार्यालय समयभित्र आईपुग्ने गरि दरखास्त आह्वान गरिन्छ । ईच्छुक उम्मेद्वारले चारित्रिक प्रमाणपत्रको छायाँकपि, अनुभव तथा तालिमको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको छायाँकपि, हस्तलिखित निवेदन र २ प्रति पासपोर्ट साइजको फोटी सहित दरखास्त दिनहुन् यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|
| ०१/०८२०८३ | **व्यवस्थापक** | वाणिज्यशास्त्र वा अर्थशास्त्र मूल विषय लिई BBS/BBA वा सो सरह उत्तीर्ण गरेको । उपल्लो योग्यतालाई विशेष ग्राहयता दिइनेछ। | सहकारी, बैंक तथा वित्तीय क्षेत्रको अनुभव, Microsoft Office, Finacct लगायतका एकाउन्टीङ सफ्टवेयर चलाउन सक्ने । अंग्रेजी र नेपाली दुवै भाषामा टाईपिड गर्न सक्ने । |

**नोटः**
१. आवेदन बुझाउने अन्तिम मिति : २०८२ पौष ११ गते शुक्रवार कार्यालय समयभित्र ।
२. आवेदकको उमेर १८ वर्ष नाघेको हुनुपर्नेछ।
३. परीक्षाको किसिम : लिखित प्रयोगात्मक र अन्तर्वार्ता हुनेछ।
४. सेवा सुविधा संस्थाको नियम अनुसार हुनेछ।
५. आवेदन पेश गर्ने स्थान संस्थाको कार्यालय पोखरा १३, कास्की
Email : aaganpkr038@gmail.com
६. सर्ट लिस्टमा परेका उम्मेद्वारलाई मात्र परीक्षामा समावेश गराइनेछ।
७. कुनैपनि उम्मेद्वारलाई छनोट गर्ने वा नगर्ने अधिकार संस्थामा निहित रहनेछ।
८. थप जानकारीका लागि सस्थाको कार्यालयमा सम्पर्क गर्नुहोला।

**आँगन बहुउद्धेश्यीय सहकारी संस्था लि.**
**पोखरा-१३, कास्की, फोन नं. ०६१-५८१५०५**



## कृषि उत्पादनमा आत्मनिर्भर बनौं।

◆ कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
◆ स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
◆ कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
◆ आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
◆ आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
◆ कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
◆ कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
◆ कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
◆ युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
◆ कृषि पेशाप्रति सम्मान र गौरव गरौं।
कृषि उत्पादन बढाऔं, आत्मनिर्भर बनौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

